नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

सुनसरी जिल्ला हरिनगर गाउँपालिका २ स्थित भुटाहामा मिति २०७५/०६/०४ गते अन्दाजी ११:३० बजे २ (दुई) जना अज्ञात हतियारधारीहरुले अन्धाधुन्ध गोली चलाउदा सोही स्थान निवासी नेसनल बोर्डिङ्ग स्कुल भुटाहाका विद्यालय व्यवस्थापन समिति अध्यक्ष वर्ष ५८ का **खुर्सीद आलम**को मृत्यु भएको घटनाप्रति गृह मन्त्रालय गहिरो दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछ । घटनामा संलग्न अपराधीहरुको खोजी कार्य तिव्र बनाइएको छ ।

उक्त घटनाको सत्यतथ्य छानविन गरी दोषीउपर कारवाही गर्न नेपाल सरकार गृह मन्त्रालयको मिति २०७५/०६/०५ गतेको निर्णयानुसार नेपाल प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक श्री किशोर दाहालको संयोजकत्वमा ५ सदस्यीय छानविन समिति गठन भएको र यस घटनाको गम्भीरतापूवर्क थप अनुसन्धान गर्न केन्द्रीय अनुसन्धान ब्युरोलाई समेत खटाइसकिएको छ ।

यस दुःखद घटनामा परी मृत्यु हुने खुर्सीद आलमलाई शहीद घोषणा गर्ने तथा परिवारलाई उचित राहत उपलब्ध गराउन मन्त्रिपरिषदमा निर्णयार्थ प्रस्ताव पेश गरिसकिएको व्यहोरा समेत जानकारी गराइन्छ । यस प्रकृतिका जघन्य अपराधका घटनाको अनुसन्धानमा कुनै कसर बाँकी नराखी दोषीलाई अविलम्ब कानुनी दायरामा ल्याई कारवाही गर्ने विषयमा मन्त्रालय दृढतापूर्वक लागेको हुँदा शान्ति सुव्यवस्था कायम गरी अनुसन्धान कार्यमा सहयोग पु-याउन सम्बद्ध सबैसँग हार्दिक अपिल समेत गर्दछ ।

साथै यस घटनामा परी घाइते भएका प्रहरी जवान शिवलाल पौडेलको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौ ।

मितिः २०७५/०६/०५

रामकृष्ण सुवेदी

प्रवक्ता एवं सहसचिव